# नागरिकता विधेयक २०७९
# सम्बन्धि भ्रम र यथार्थता

नेपाली कांग्रेस संसदिय दलद्वारा प्रकाशित

# नागरिकता विधेयक २०७९ सम्बन्धि भ्रम र यथार्थता

## (क) नागरिकता सम्बन्धी सामान्य जानकारी

नागरिकता देशको नागरिक हुनुको वैधानिक परिचय पत्र हो । यसले व्यक्ति र राज्य बिचको कानुनी सम्बन्ध, अधिकारको सृजना तथा दायित्व र कर्तव्यको निर्कयोल गर्दछ । नागरिकता एक विशिष्ट राजनीतिक अवधारणा हो । राज्य निर्माण हुन आवश्यक पर्ने एक महत्वपूर्ण अवयव हो । यसले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभुति गर्दछ । नागरिकता प्राप्त गर्नु नागरिकको संवैधानिक अधिकार हो । नागरिकताले व्यक्तिको कानुनी हैसियत (Legal Status) लाई उजागर गर्दछ । नागरिकता प्राप्ति, समाप्ति र नागरिकका हैसियतले पाउने अधिकार देश अनुसार फरक हुन्छ । संविधानद्वारा प्रदत्त अधिकांश मौलिक हकहरू नागरिकका हैसियतले प्राप्त हुन्छन् । नागरिक भएर पनि नागरिकता विहिन रूपमा रहनु पर्ने अवस्था कहाली लाग्दो हुन्छ । यसका अभावमा शिक्षा, स्वास्थ्य, रोजगारी, व्यवसाय, बैंकिङ्ग कारोवार, घरजग्गा खरिद, राजनीति, यहाँसम्म कि कोभिड विरूद्धको खोप लगाउनु पर्दा समेत नागरिकता हेरिएको अवस्था थियो । त्यसैगरी विवाह दर्ता, जन्म दर्ता, बसाइ सराई, मृत्यू दर्ता, अर्थात जन्मदेखि मृत्यूसम्मका यावत कार्यमा नागरिकको हैसियत आवश्यक पर्ने हुँदा व्यक्तिको नागरिक हुनुको परिचयको रूपमा नागरिकताको जति महत्व छ यो त्यति नै संवेदनशील पनि छ । नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने गरी संवैधानिक हकको रूपमा नेपालको संविधानको धारा-१० ले प्रत्याभुत गरेको यथार्थता हो । नागरिकता राष्ट्रिय एकता र भौगोलिक अखण्डताको प्रतिक पनि हो ।

## (ख) नागरिकता सम्बन्धी केही अन्तराष्ट्रिय सन्धी सम्झौताहरु

१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८- धारा १५
२. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र-१९६६- धारा १४
३. महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी १९७९- धारा ९
३. बाल अधिकार सम्बन्धी महासन्धी १९८९ धारा ७ र ८
४. विवाहित महिलाको राष्ट्रियता सम्बन्धि महासन्धी १९५७ धारा १
ट. राज्य विहीनता न्यूनीकरण गर्ने सम्बन्धि महासन्धी १९६१- धारा १

## (ग) नागरिकता सम्बन्धी नेपालको कानुनमा भएका व्यवस्थाहरु

### १. नेपाल सरकार वैधानिक कानुन, २००४

पहिलो संविधानको रुपमा रहेको यो संविधानमा नागरिकता सम्बन्धी कुनै प्रावधान नरहेको ।

### २. नेपालको अन्तरिम शासन विधान, २००७

दोस्रो संविधानको रूपमा रहेको यो संविधानमा नागरिकता सम्बन्धि प्रावधान नभएको ।

### ३. नेपाली नागरिकता ऐन, २००९

यो ऐनमा पहिलो पटक नागरिकता सम्बन्धी प्रावधान राखियो । जस अनुसार नेपालको आदीवासी भई नेपालमा जन्मेको वा आमा बाबु मध्ये नेपालमा जन्मेको वा स्थायी वसोवास गरेको र नेपालको नागरिकसँग विवाह गरेको स्वास्नी मानिस नेपालको नागरिक हुने कुरा दफा २ र ३ मा उल्लेख थियो ।

### ४. नेपाल अधिराज्यको संविधान, २०१५

यसमा पनि नागरिकता सम्बन्धी प्रावधान नभएको ।

### ५. नेपालको संविधान, २०१९

पहिलो पटक संविधानमा नागरिकता सम्बन्धी व्यवस्था भएकोमा जन्मको आधारमा, नेपालको नागरिकसँग विवाह भई विदेशको नागरिकता त्यागेपछी, अन्य विदेशी १५ वर्ष नेपालमा बसेपछी नागरिकता पाउन सक्ने, अन्तराष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने प्रावधान राखेको पाइन्छ । यहाँसम्म आईपुग्दा शाब्दिक रूपमा वंशज र अंगिकृत शब्द भएको पाइदैन ।

### ६. नागरिकता ऐन, २०२०

यसमा वंशजको आधारमा नागरिकता प्राप्तिको आधार, नावालकको रजिष्ट्रेसन गरेपछी नागरिक हुने, अंगिकृत नागरिकता प्राप्त गर्ने विधि उल्लेख गर्दै नावालकको रजिष्ट्रेसन सम्बन्धी प्रावधान २०३३ सालबाट झिकिएको थियो ।

### ७. नेपाल अधिराज्यको संविधान, २०४७

प्रजातन्त्र पुर्नस्थापना पछिको यो संविधानमा वंशजका आधारमा, अंगिकृत नागरिकता, सम्मानार्थ नागरिकता, वैवाहिक अंगिकृत नागरिकताको प्रावधान राखिएको थियो । जस अनुसार नेपाली नागरिकसँग विवाह भएको विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारवाही चलाएपछी नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था थियो ।

## ८. नेपालको अन्तरिम संविधान, २०६३

यो संविधानमा वंशजको आधारमा, नेपालभित्र गाभिने कुनै क्षेत्र प्राप्त भएमा २०४६ चैत्र मसान्तसम्म नेपाल सरहदमा जन्म भई स्थायी बसोवास गरेको व्यक्तिले, वैवाहिक अंगिकृत नागरिकता प्रचलित कानुन बमोजिम पाउने व्यवस्था गरिएको थियो ।

## ९. नेपाल नागरिकता ऐन, २०६३ ले गरेका नागरिकता पाउने सम्बन्धी प्रावधानः

- कुनै व्यक्ति जन्म हुँदा बाबु आमा नेपालको नागरिक भए वंशजको आधारमा नागरिकता पाउने ।
- विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मेको व्यक्तिले विदेशको नागरिकता नलिए अंगिकृत नागरिकता पाउने ।
- मातृत्व पितृत्वको ठेगान नलागेको बच्चाले ठेगान नलागेसम्म उमेर पुगे पछी वंशजको आधारमा नागरिकता पाउने ।
- २०४६ चैत्र मसान्तभित्र नेपालमा जन्मेको व्यक्तिले संविधान सभाको चुनाव अगाडी र कुनै कारणवस छुटेमा यो ऐन प्रारम्भ भएको २ वर्षभित्र तोकिए बमोजिम निवेदन दिए जन्मको आधारमा नागरिकता पाउने ।
- नेपाली पुरूषसँग विवाह गरेकी विदेशी महिलाले आफ्नो पहिलेको देशको नागरिकता त्याग्ने प्रक्रिया चलाएपछी अंगीकृत नेपाली नागरिकता पाउने आदि व्यवस्था गरेको थियो ।

## १०. नेपालको संविधान

२०७२ असोज ३ गतेबाट लागू भएको यो संविधानमा नागरिकता सम्बन्धी निम्न प्रावधान छन् ।

कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन- धारा १०

### (क) वंशजको आधारमा नागरिक ठहर्ने र नागरिकता पाउने सम्बन्धी निम्न व्यवस्था गरेको- धारा ११

- संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति ।
- कुनै व्यक्ति जन्म हुँदाका बखत निजको आमा वा बुवा नेपालको नागरिक रहेको ।
- यो संविधान प्रारम्भ हुनु अघी जन्मको आधारमा नागरिकता लिएका बाबु र आमाका सन्तानले ।
- वाबु र आमा फेला नपरेसम्म पितृत्व र मातृत्वको ठेगान नभएका प्रत्येक व्यक्तिले ।

- बाबुको पहिचान हुन नसकेको तर नेपाली आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास भएको प्रत्येक व्यक्तिले ।

**(ख) अंगिकृत नागरिकता सम्बन्धी व्यवस्थाः धारा- ११**

- नेपाली नागरिक आमाबाट जन्मेको व्यक्तिको बाबु विदेशी नागरिक ठहरेमा वंशजको आधारमा नागरिकता लिएको भए अंगिकृत नागरिकतामा परिणत हुने ।
- नेपाली नागरिकसँग विवाह भएकी विदेशी महिलाले चाहेमा अंगिकृत नागरिकता लिन सक्ने ।
- नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मेको सन्तान स्थायी रूपमा नेपालमा बसी विदेशी नागरिकता नलिएमा अंगिकृत नागरिकता प्राप्त गर्न सक्छ ।
- संघीय कानून बमोजिक अंगिकृत नागरिकता प्रदान गर्न सक्ने ।

**(ग) संघीय कानून बमोजिम नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सक्ने ।**

**(घ) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यहाँका नागरिकले संघीय कानून बमोजिम नेपालको नागरिक हुने ।**

**(ङ) वंशीय आधार तथा लैंगिक पहिचान सहितको नागरिकता**

- आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने ।

**(च) गैर आवासीय नेपाली नागरिकता**

- सार्क राष्ट्र वाहेकका देशमा नागरिकता प्राप्त गरी बसेका तर साविकमा नेपालको वंशज वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रहेका । त्यस्ता व्यक्तिलाई आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैर आवासीय नागरिकता प्रदान गर्न सकिने ।

वर्तमान संविधानले नागरिकता सम्बन्धमा  गरेको केही नयाँ व्यवस्थाहरूलाई सम्बोधन गर्न अपरिहार्य रहेको, नागरिकता प्राप्त गर्ने हक संवैधानिक हक भएको तर नेपाल नागरिकता ऐन, २०६३ मा नेपालको संविधानले निर्दिष्ट गरेका केही नयाँ प्रावधान अनुसार नेपाली नागरिकलाई नागरिकता दिलाउन तत्कालिन सरकारले प्रस्तुत गरेको नागरिकता (पहिलो संशोधन) ऐन, २०७५ संसदबाट पास हुन नसकेको, तत् पश्चात राष्ट्रपतिबाट तत्कालिन मन्त्रिपरिषद्को सिफारिसमा नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी गरेकोमा श्री सर्वोच्च अदालतमा उक्त अध्यादेश विरूद्ध परेको रिटमा अन्तरिम आदेश जारी भई अध्यादेश कार्यान्वयनमा आउन नसकेकाले नेपाली नागरिकले नागरिकता सम्बन्धी नयाँ संवैधानिक व्यवस्थाको उपयोग गर्न नपाई दैनिकी संचालनमा

समेत गम्भिर असर परेको हुँदा वर्तमान सरकारले पेश गरेको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ संसदबाट पारित गरी राष्ट्रपति समक्ष प्रस्तुत गरिएकोमा उक्त संशोधन पुनर्विचारका लागि राष्ट्रपतिज्यूले विधेयक उत्पत्ति भएको प्रतिनिधी सभामा फिर्ता पठाएकोमा प्रतिनिधी सभाले हु-बहु पारित गरेको छ । जसमा निम्न प्रावधान समाविष्ट छन् जुन वर्तमान संविधानले निर्दिष्ट गरेको व्यवस्थालाई कार्यान्वयन हेतु संशोधनमा राखिएको हो ।

**१. नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा ३ पछि ५ वटा उपदफा थपिएको छ, जस अनुसार**

**उपदफा-४.** यो संविधान प्रारम्भ हुनु अघि जन्मको आधारमा नागरिकता लिएका बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको सन्तानले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने - धारा ११(त्र ३)सँग सम्बन्धित ।

**उपदफा-५.** बाबुको पहिचान हुन नसकी नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने - धारा ११(५) सँग सम्बन्धित ।

**उपदफा-६.** नेपाली महिला नागरिकले विदेशी नागरिकसँग विवाह गरी नेपालमा जन्मिएको व्यक्तिले नेपाली नागरिकता लिदाका बखत आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्ता व्यक्तिले वंशजको आधारमा नागरिकता पाउने - धारा ११(७) सँग सम्बन्धित ।

**उपदफा-७.** उपदफा ५ बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्ने व्यक्तिको बाबु विदेशी ठहरेमा निजले विदेशी नागरिकता नलिएको स्वघोषणा गरेमा वा वंशजको आधारमा लिएको नागरिकता बुझाएमा अंगिकृत नागरिकता पाउने-धारा ११(५) को प्रतिवन्धात्मक वाक्यांशसँग सम्बन्धित ।

**उपदफा-८.** वंशजको आधारमा प्राप्त नागरिकताको अध्यावधिक गर्दै त्यस्तो नागरिकता अंगिकृत नागरिकतामा परिवर्तन हुने भएमा वंशजको नागरिकता खिचेर मात्रै अंगिकृत नागरिकता दिने ।

वर्तमान समयमा राजनीतिक रंगमञ्चमा छलफलमा रहेका उल्लेखित प्रावधान संविधानसँग कतै बाझिएको अवस्था छैन । गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न सक्ने कुरा दफा ७ क. मा उल्लेख छ । उक्त विषय विवादरहित हुँदा यहाँ उल्लेख गरिएको छैन । संशोधनको अर्को विषय दफा ८(१)(क) (क १) पूर्णतया कार्यविधिगत विषय हो । लोग्ने वा बाबुको पहिचान हुन नसकेको स्वघोषणा, राज्यलाई नागरिकले दिएको जानकारी मात्र हो । अभिलेखमा रहने यो कुरा नागरिकताको प्रमाण पत्रमा रहदैन । झुट्ठा स्वघोषणा

गरेको विषय कसुर हुने । प्राप्त नागरिकताको विषय फेर बदल मात्र नभई बदरसम्म हुने सजायका प्रावधान सहितको प्रस्तुत संशोधन विधेयक वर्तमान संविधानको धारा ३८ महिलाको हक तथा धारा २८९ को पदाधिकारीको विशेष व्यवस्था सम्बन्धी प्रावधान यस अघिको अध्यादेश यस अघिको संशोधन विधेयक समेतको अनुकूल हुँदा राष्ट्रपति महोदयको १५ बुँदे सन्देश सहितको विधेयक फिर्ताको कुनै तुक नरहेको, उक्त सन्देश संविधानको धारा १०, ११, १२, १३, १४ र धारा ११३(३) प्रतिकूल देखिन आउँदछ ।

**(छ) बैबाहिक अंगिकृत नागरिकता सम्बन्धि फैलाइएको भ्रम/यथार्थता**

वैवाहिक अंगिकृत नागरिकताको विषयमा प्रस्तुत संशोधन विधेयकमा कुनै कुरा उल्लेख नहुँदा नहुँदै भ्रमपूर्ण समाचार फैलाइएको अवस्था छ । यस सम्बन्धमा यथार्थता के हो भने, नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपाल नागरिकता ऐन २००९ देखि २०७२ सालमा जारी भएको नेपालको संबिधान सम्म आइपुग्दा सम्म निरन्तर रूपमा वैवाहिक अंगिकृत नागरिकता पाउदै आएका छन । हाल प्रचलनमा रहेको नेपाल नागरिकता ऐन २०६३ ले वैवाहिक अंगिकृत नागरिकता पाउन विवाह दर्ता पछि ५/७ वर्ष पर्खनु पर्ने व्यवस्था गरेको छैन । न त यस्तो व्यस्था वर्तमान संविधानले नै गरेको छ । यस सम्बन्धमा यस पूर्व २०७८ साल जेठ ९ गते तत्कालिन प्रधानमन्त्रि केपी शर्मा ओलीको सिफारिसमा सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा जारी भएको अध्यादेश र २०७५ सालमा ल्याइएको नेपाल नागरिकता ऐन २०६३ लाई संसोधन गर्न बनेको विधेयकमा पनि कुनै कुरा उल्लेख भएको छैन । यस्तो संवेदनशिल बिषयमा यथार्थतालाई नबुझि भ्रमपूर्ण समाचारका पछि कुनै पनि नेपाली जनता नलाग्नु हुन नेपाली कांगेस संसदिय दल हार्दिक अनुरोध गर्दछ ।

**नेपाली कांग्रेस संसदिय दलका सचेतक मानिय मिन विश्वकर्मा तथा अधिवक्ता गणेश के.सी द्वारा तयार गरिएको ।**

मुद्रण : एड्भान्स गुडविल प्रिन्टिङ्ग प्रेस प्रा. लि.
ललितपुर-२४, धापाखेल